पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : २०७७/७८
चलानी नं./Ref. No. : ३२ (सूचना)

मितिः २०७७।०८।१६

पूर्वखोला गाउँपालिकाको अत्यन्त जरुरी सूचना !!!

यस पूर्वखोला गाउँपालिका वडा नं २ जल्पाको ढोलिमारा क्षेत्रका एक जना पुरुष व्यक्तिमा लक्षण देखिएपछि स्वाव परीक्षण गर्दा कोरोना भाइसर पोजेटिभ पुष्टी भएको कारण कोरोना भाइरस समुदाय स्तरमा थप नफैलियोस् भन्ने तर्फ यस पूर्वखोला गाउँपालिका सजग रहँदै मिति २०७७।०८।१६ गते राति १२ बजे देखि २०७७।०८।२३ गते राति १२ बजे सम्म पूर्व खोला गाउँपालिका वडा नं २, जल्पा स्थित पूर्वमा-साकिने तल्लो गाउँ,पश्चिममा-देवीनगरको राँघु भन्ज्याङ्ग,उत्तरमा-लाबे बजार र दक्षिणमा-आर्गि डाँडाँ,भर्लुक खोलाको क्षेत्रमा शिल गरिएको र देहायका गतिविधी निषेधित गरिएको हुँदा सोहि बमोजिम गर्न गराउनुहुन निर्णयानुसार आम नागरिकहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१) वडा नं २ स्थित स्वास्थ्य चौकीवाट प्रदान गरिने आकश्मित सेवा वाहेकका अन्य सम्पूर्ण सेवाहरु तथा वडा कार्यालय उल्लेखित मिति सम्मको लागि वन्द गर्ने ।

२) शिल गरिएको क्षेत्रभित्र आवतजावतका कुनैपनि गतिविधी संचालन नगर्ने ।शिल गरिएको क्षेत्रमा सवारी साधन रोक्ने, यात्रु चढाउने ओराल्ने जस्ता कृयाकलापहरु नगर्ने नगराउने ।

३) शिल गरिएको क्षेत्र भित्र अत्यावश्यक सेवा वाहेकका अन्य पसल, होटल, रेस्टुरेन्ट तथा अन्य सवै प्रकारका सेवाहरु वन्द गर्ने गराउने ।

४) शिल गरिएको क्षेत्रका स्थानीय वासिन्दाहरु आकस्मिक काम वाहेक अन्य कामको लागि घर वाहिर अनावश्यक हिडडुल नगर्ने नगराउने, अनावश्यक रुपमा जमघट नहुने ।

७) सकेसम्म सवैले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गराउने, सेनिटाइजरको प्रयोग गर्ने तथा सावुनपानीले नियमित रुपमा हातधुने र धुन लगाउने ।

८) कोरोना भाईरस संक्रमणको लक्षण देखिएमा वा कोरोना भाईरस संक्रमण भएको संका लागेमा यस पूर्वखोला गाउँपालिकाको स्वास्थ्य शाखा, नजिकको स्वास्थ्य चौकी वा जनप्रतिनिधीहरुलाई तत्काल खवर गर्ने।

अन्त्यमा,यस विषम परिस्थितीमा आम नागरिकहरु हतास नहुन, कोरोना भाइरस विरुद्ध सजग र सचेत हुन,स्वास्थ्य सम्वन्धी कुनै समस्या आएमा स्वास्थ्यकर्मीको सल्लाह लिन तथा उल्लेखित निर्णयहरुको पालन गर्नु गराउनु हुन यस पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

२०७७/०८/१६

हरि टन्डन
अधिकृत छैटौं

हरि टण्डन
अधिकृत छैठौं